**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **डोल बहादुर कार्की** र **रिता सम्बाहाम्फे लोक्ताम** मु.नं (०८१-CR-००१४) फैसला मिति २०८२/०३/०४ | सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको । | **आयोगको माग दावी**<br>• **उपभोक्ता समितिको अध्यक्ष प्रतिवादी डोल बहादुर कार्कीको हकमाः-** जिल्ला इलाम, इलाम नगरपालिका, वडा नं. ११ स्थित माइभ्याली सामुदायिक वन उपभोक्ता समूहका तत्कालिन अध्यक्ष डोल बहादुर कार्कीले समूहको निर्णय पुस्तिका तथा चेक बुक लगायतका कागजातहरु आफैले राख्ने गरेको, वन उपभोक्ता समूहको नाममा नेपाल बैंक लिमिटेड, इलाम शाखाको खाता नं. ०४०००२४०६०१ बाट रकम भुक्तानी लिई समूहको रकम रू. ३०,७८,६००/- (तीस लाख अठहत्तर हजार छ सय) बार्षिक कार्ययोजना स्वीकृत नगरी बदनियतपूर्वक खर्च गरी बन उपभोक्ता समूहको रकम हिनामिना गरेको र वदनियतपूर्वक कटान आदेशभन्दा बढी रु. ८,५५,५०४।— को वन विनास गरी अवैध घाटगद्दी गरेर सरकारी सम्पत्ति हिनामिना गरेको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा निजले हिनामिना गरेको जम्मा रकम रू. ३९,३४,१०४।- (उन्नचालिस लाख चौतिस हजार एक सय चार रुपैयाँ) लाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना हुन र दफा १७ बमोजिम बिगो रकम निजबाट असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>• **समितिको कोषाध्यक्ष प्रतिवादी रीता सम्बहाम्फे लोक्तामको हकमा-** माइभ्याली सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैकमा रहेको खातामा समितिको अध्यक्ष डोल बहादुर कार्की र कोषाध्यक्ष रीता सम्बहाम्फे लोक्तामको संयुक्त दस्तखतबाट संचालन भई कारोवार भएकोमध्ये निज कोषाध्यक्षले वयानको क्रममा १ वटा खाली चेकमा मात्रै सही गरेको हो भन्ने व्यहोरा उल्लेख गरेको भए पनि | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• माईभ्याली वन उपभोक्ता समितिको खाताबाट निकालेको रकम रु.३०,७८,६००/- प्रतिवादी डोलबहादुर कार्कीले लिएको देखिए पनि सो रकम मध्ये रु.७,००,०००।— फरफारक नभई भुक्तानी दिन बाँकी रहेको भनी प्रतिवादीको बयान तथा लेखापरिक्षण प्रतिवेदनबाट देखिंदा सो रकम र काठको अवैध तरिकाबाट कटान तथा संकलन मुद्दाको फैसलाबाट रु.८,५५,५०४।— को वन विनास गरेको देखिएकोले निज प्रतिवादीले जम्मा रु.१५,५५,५०४।— हानी नोक्सानी गरेको देखियो।<br>• प्रतिवादी रिता सम्बाहाम्फे लोक्तामले आरोप दावी बमोजिमको कसुर गरेको पुष्टि नभएकोले सफाई पाउने ठहर्छ।<br>• प्रतिवादी डोलबहादुर कार्की उपरको काठको अवैध तरिकाबाट कटान तथा संकलन मुद्दाको विगो रु.८,५५,५०४।—को हकमा कसुर तथा बिगो ठहर गरेको देखिंदा सो हकमा कुनै पुनरावेदन जिकिर लिइरहनु परेन। | • **प्रतिवादी डोल बहादुर कार्कीको हकमाः-** जिल्ला इलाम, इलाम नगरपालिका वडा नं.११ स्थित माइमभ्याली सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष डोलेन्द्र कार्की भन्ने डोलबहादुर कार्कीले २०७० सालदेखि समूहको ठेकेदार र अध्यक्ष समेत भई काबेली कोरिडोरको तार विस्तार गर्ने क्रममा कटान आदेश नभई अवैध रुपमा कटान गरी घाटगद्दी गरी लिलाम प्रक्रिया अगाडि बढाउन लागेको, लेखा परीक्षण नगरेको तथा बैकिङ कारोबार नगरी आफूखसी कारोबार गरी आर्थिक अनियमितता गरेको भन्ने समेत बेहोराको उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादी डोलबहादुर कार्की र रिता सम्बाहाम्फे लोक्ताम  उपर विशेष अदालत समक्ष दायर भएको प्रस्तुत मुद्दामा, उक्त वन उपभोक्ता समितिको नाममा संचालनमा रहेको नेपाल बैंक लिमिटेड, इलाम शाखाको खाता नं. ०४०००२४०६०१ उक्त समितिका अध्यक्ष डोल बहादुर कार्की र कोषाध्यक्ष रिता सम्बाहाम्फे लोक्तामको संयुक्त हस्ताक्षरबाट संचालन हुने गरेकोमा निज प्रतिवादी डोल बहादुर कार्की अध्यक्ष पदमा बहाल रहेको अवधि मिति २०७०/०५/१० देखि २०७४/०५/३० सम्ममा विभिन्न मितिमा जम्मा रू. ३०,७८,६००।- (तीस लाख अठहत्तर हजार छ सय) रकम भुक्तानी लिएको मध्ये रू.२३,३९,६००/- निज डोलबहादुर कार्कीले आफ्नै नाममा भुक्तानी लिएको देखिन्छ भने श्रीमान् लोक्तामले ३ वटा चेक मार्फत रु. ६,३७,०००।–भुक्तानी लिई निज प्रतिवादी डोल बहादुर कार्कीलाई बुझाएको र डोल बहादुर कार्कीले आफ्नै भाई सुरज कार्कीको नाममा १ वटा चेक मार्फत १,०२,०००/- भुक्तानी लिई निज प्रतिवादी डोलबहादुर कार्कीलाई नै बुझाएको भन्ने सुरज कार्की र श्रीमान लोक्तानको बयानबाट देखिन्छ।उक्त समूहकी कोषाध्यक्ष रीता सम्बाहाम्फे लोक्तामले समेत संयुक्त दस्तखत गरेको देखिएको चेकहरुको सम्बन्धमा निजले एउटा चेकमा मात्र हस्ताक्षर गरेको, अन्यमा नगरेको भनी बयान गरेकोले सम्बन्धित बैंकबाट सक्कलै जारी चेक तथा खाता संचालन गर्दा पेश भएको दस्तखत नमूना कार्ड समेत प्राप्त गरी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुसी, काठमाण्डौमा परीक्षणको लागि पठाइएकोमा उक्त परीक्षण प्रतिवेदनबाट चेक नं.४१०१९८४३, ४१०१९८४० र ४१०१९८३९ गरी ३ वटा चेकमा निज रिता लोक्तामले हस्ताक्षर गरेको, चेक नं.४१०१९८४८ र ४१०१९८४९ मा रीता सम्बाहाम्फे लोक्तामले हस्ताक्षर नगरेको र चेक नं. ४१०१९८४६, ४१०१९८४१ र ४१०१९८५० गरी ३ वटामा समेत रीता सम्बाहाम्फे लोक्तामले हस्ताक्षर गरेको भन्न नसकिने भनी खुली आएको देखिन्छ।डिभिजन वन कार्यालय ईलामको च.नं.५९३६,२०७३/०३/१० को पत्रबाट आ.व.२०७०/०७१ मा लेखापरिक्षण भएको, सो आय वर्ष पछी लेखापरिक्षण नभएको भनी उल्लेख भएको देखिन्छ।प्रतिवादी  डोल बहादुर कार्की अनुसन्धानको क्रममा फरार रहेको अवस्था छ।उक्त माइभ्याली सामुदायिक वन उपभोक्ता समूहका तत्कालिन अध्यक्ष डोल बहादुर कार्कीले समूहको निर्णय पुस्तिका तथा चेक बुक लगायतका कागजातहरु आफैले राख्ने गरेको देखिन्छ।आ.व. २०७०/०७१ को लेखा परीक्षण प्रतिवेदनमा उक्त आ.व.मा रु.७,००,०००।— भुक्तानी दिनुपर्ने दायित्व रहेको उल्लेख गरेतापनि निज प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, विवादास्पद प्रलेख शाखा, सामाखुसीबाट निजले वयानमा उल्लेख गरेको १ वटा चेकमा मात्र हस्ताक्षर नगरी अन्य चेकमासमेत निजले हस्ताक्षर गरेको खुल्न आएकोले बैकबाट भुक्तानी लिएको रू. ३०,७८,६००/- (तीस लाख अठहत्तर हजार छ सय) बार्षिक कार्ययोजना स्वीकृत नगरी खर्च गरी हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी रीता सम्बाहाम्फे लोक्तामको हकमा रू. ३०,७८,६००/- (तीस लाख अठहत्तर हजार छ सय) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले निर्देश गरेबमोजिमको सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना हुन दफा १७ बमोजिम बिगो रकम निजबाट असुल उपर हुन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी मध्येका डोलबहादुर कार्कीलाई आरोपदावी भन्दा कम बिगो रु.१५,५५,५०४।— हानीनोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर कायम गरी सोही बिगो बमोजिम दुई वर्ष छ महिना कैद तथा रु. १५,५५,५०४।— जरिवाना हुने र उक्त बिगो मध्ये रु.८,५५,५०४।— को बरामद भएको काठ जफत हुने ठहर भएको हुँदा सो बिगो असुल उपर गर्नु परेन बाँकी बिगो रु.७,००,०००।— प्रतिवादी डोल बहादुर कार्कीबाट असूल उपर हुने र प्रतिवादी रिता सम्बाहाम्फे लोक्तामलाई आरोप दावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था देखिन्छ। | | समेतले निकालेको रू. ३०,७८,६००/- (तीस लाख अठहत्तर हजार छ सय) रकम के कुन शिर्षकमा के कति रकम तिरे बुझाएको हो वा खर्च गरेको हो सोको बिल भरपाई तथा भुक्तानीका विवरण अदालत समक्ष पेश गरेको देखिंदैन। उक्त वन उपभोक्ता समूहको नाममा नेपाल बैंक लिमिटेड, इलाम शाखाको खाता नं. ०४००००२४०६०१ बाट प्रतिवादी डोल बहादुर कार्की र रिता सम्बाहाम्फे लोक्ताम एक आपसमा मिलेमतो गरी रकम भुक्तानी लिई समूहको रकम रू. ३०,७८,६००/- (तीस लाख अठहत्तर हजार छ सय) बार्षिक कार्ययोजना समेत स्वीकृत नगरी बदनियतपूर्वक आफु अनुकुल खर्च गरी बन उपभोक्ता समूहको रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदाहुँदै सो समुहको आ.व.२०७०/०७१ को लेखा परीक्षण प्रतिवेदनमा सो आ.व.मा भुक्तानी दिनुपर्ने दायित्व रु.७,००,०००।— मात्र रहेकोले सोही बिगो कायम गरी प्रतिवादी डोलबहादुर कार्की समेतले निकालेको रु.३०,७८,६००/- रकमको खर्च तथा भुक्तानीको एकीन विवरण विना नै अनुमान तथा हचुवाको भरमा उल्लिखित तथ्य प्रमाणहरुलाई नजर अन्दाज गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>• **प्रतिवादी रिता सम्बाहाम्फे लोक्तामको हकमाः-** माइभ्याली सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंकमा रहेको खातामा समितिको अध्यक्ष प्रतिवादी डोलबहादुर कार्की र कोषाध्यक्ष प्रतिवादी रीता सम्बहाम्फे लोक्तामको संयुक्त दस्तखतबाट संचालन भई कारोवार भएको मध्ये निज प्रतिवादी रिता सम्बाहाम्फे लोक्तामले बयानको क्रममा १ वटा खाली चेकमा मात्रै सही गरेको हो भन्ने व्यहोरा उल्लेख गरेको भए पनि केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, विवादास्पद प्रलेख शाखा, सामाखुसीबाट निजले बयानमा उल्लेख गरेको १ वटा चेकमा मात्र हस्ताक्षर नगरी अन्य चेकमासमेत निजले हस्ताक्षर गरेको खुल्न आएकोले समुहका अध्यक्ष प्रतिवादी डोल बहादुर कार्कीसँग मिलेमतो गरी बदनियतपूर्वक बैकबाट भुक्तानी लिएको रू.३०,७८,६००/- (तीस लाख अठहत्तर हजार छ सय) बार्षिक कार्ययोजना स्वीकृत नगरी खर्च गरी हिनामिना गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि हुँदा हुँदै उल्लिखित तथ्य प्रमाणहरुलाई नजर अन्दाज गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादीहरुले एकआपसमा मिलेमतो गरी आरोप पत्र मागदावी बमोजिमको प्रतिवादी डोल बहादुर कार्की र रिता सम्बाहाम्फे मोक्तामले बिगो रु. ३०,७८,६००/- हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै प्रतिवादी डोल बहादुर कार्कीलाई आरोपदावी भन्दा कम विगो रु.७,००,०००।—मात्र कसूर कायम गरी सोही बमोजिम सजाय हुने र अर्का प्रतिवादी रिता सम्बाहाम्फेले आरोप दावीबाट सफाई पाउने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले आरोप पत्र मागदावी बमोजिम कै बिगो कायम गरी सजाय गरि पाउन सादर अनुरोध छ। |